# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : १९, अङ्क : ४७, २०७८ असोज ३ गते आइतवार ( 19 Sept. 2021 ), मूल्य रु. २०।-




सार्वजनिक सुनुवाई । जिल्लामा रहेका प्रदेश र संघीय कार्यालयहरुबाट हुने कार्यसम्पादनको क्रममा केही समस्या भए सर्वाजनिक रुपमा जवाफ दिन लगाउन जिल्ला प्रशासन कार्यालयको आयोजनामा सार्वजनिक सुनुवाइ गरिएको हो ।

## नेकपा(मओवादी केन्द्र)को गाउँ अभियान संचालन

सुस्केरा समाचारदाता

डोल्पा, असोज - नेकपा (माओवादी केन्द्र)को जिल्ला पार्टी बैठकले पार्टी सुदृढिकरण अभियान अन्तर्गत सेल, वस्ति, वडा, पालिका भेला तथा अभियानहरु संचालन गर्ने निर्णय गने निर्णय बमोजिम पार्टीको अभियान संचालन गरिएको जनाइएको छ ।

अभियान तल्लो डोल्पाका विभिन्न गाउँगाउँमा पुगेको प्रचार विभाग प्रमुख कमलबहादुर शाहीले जानकारी दिनु भयो । अभियान सुरु गर्नु अघि जिला पार्टीको बैठक भएको थियो । नेकपा(माओवादी केन्द्र)को बैठक विभिन्न निर्णय गर्दै सम्पन्न भएको छ । बैठकले जिम्मेवारी बाँडफाँड गरेको जनाइएको छ ।

बैठकलाई नेकपा(माओवादी केन्द्र)का केन्द्रिय अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अनलाइन माध्यमबाट सम्बोधन गर्दै प्रशिक्षणात्मक मन्तव्य दिनु भएको थियो ।

बैठकले पार्टी सुद्धिकरणका लागि सेल, टोल, वडा र पालिका स्तरमा भेला तथा अभियान संचालन गने निर्णय गरेको छ । बैठकको उक्त निर्णय सहित पार्टी त्रिपुरासुन्दरी नगर पालिकाबाट अभियानमा जुटि सकेको प्रचार विभाग प्रमुख कमल शाहीले जानकारी दिनु भयो ।

उहाँका अनुसार पहिलो चरणमा त्रिपुर

....... .. .पेज नं. ८ मा

## कक्षा १२ को परीक्षा संचालन

सुस्केरा समाचारदाता

डोल्पा, असोज - कोरोना भाइरसको संक्रमणकाबीचमा हिजोबाट सुरु भएको कक्षा १२ को परीक्षा आज दोस्रो दिन शान्त र मर्यादित रुपमा सम्पन्न भएको छ ।

कोरोना भाइरसको संक्रमणका कारणले नेपाल सरकारको निर्देशन बमोजिम अवस्था हेरेर राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ का सबै विद्यार्थीहरुले आफू अध्ययन गरेकै विद्यालयमा परीक्षा दिने वातावरण बनाएर परीक्षा सुरु गरिएको थियो ।

डोल्पाका ६ वटा विद्यालयहरु आदर्श माध्यमिक विद्यालय जुफाल, जनप्रभा माध्यमिक विद्यालय लिकु, त्रिपुरा माध्यमिक विद्यालय काइगाउँ, सरस्वति माध्यमिक विद्यालय दुनै, अन्नपूर्ण माध्यमिक विद्यालय सर्मी र कालिका माध्यमिक विद्यालय कालिकामा कक्षा १२ को परीक्षा संचालन भैरहेको छ । परीक्षामा विद्यार्थीहरुले आफ्नै विद्य

....... .. .पेज नं. ८ मा

## नियमनका लागि सार्वजनिक सुनुवाई

सुस्केरा समाचारदाता

डोल्पा, असोज - गएको आइतवारका दिन डोल्पा जिल्लामा रहेका प्रदेश र संघका जिल्ला स्थित सबै कार्यालयहरुको जिल्ला स्तरिय सार्बजनिक सुनाई कार्यक्रम सम्पन्न भएको छ । आइतबार नेपाल पत्रकार महासंग डोल्पा शाखाको सहजिकरणमा र जिल्ला प्रसासन कार्यालय डोल्पाको आयोजनामा भएको सार्वजनिक सुनुवाईमा जिल्लाका विभिन्न सरोकारवाला निकायका प्रमुख, प्रतिनिधि र नागरिकहरुको सहभागितामा जिल्ला स्तरिय सार्बजनिक सुनाई कार्याक्रम समपन्न गरिएको हो । जिल्ला समन्वय समितिको प्रंगणमा सम्पन्न कार्यक्रममा प्रदेश र संघ सरकार अन्तरगतका कार्यालयहरुबाट नागरिकलाई दिइने तथा प्रवाह गरिने सेवा सुविधाहरु रति कार्यालयहरुले सेवा प्रवाह गने क्रममा भएका कमिकमजोरी तथा

## एमसिसिका विरुद्ध विरोध प्रदर्शन

मेनुका बुढा

डोल्पा, असोज - नेपाल कम्युनिष्ट पार्टी एमसिसि राष्ट्रघाति छ भन्दै पास हुन नदिनका लागि यसको विरोधमा गाउँगाउँमा एमसिसिको विरोध अभियान संचालन गरेको छ । यही क्रममा उक्त पार्टीले डोल्पाको जिल्ला सदरमुकाम दुनैमा पनि विरोध जुलुस प्रदर्शन गरेको छ ।

यही क्रममा नेपाल कम्युनिष्ट पार्टीको आयोजनामा सदरमुकाम दुनैमा विरोध प्रदर्शन गरिएको छ । राष्ट्रघाति एमसिसि भन्ने नाराका साथ आयोजना गरिएको विरोद सभा कार्यक्रममा सबैलाई एमसिसिको विरोध गर्न आग्रह गर्दै वक्ताहरुले विदेशी सैनिक चलखेल हुन लागेकाले यसको खुलेर विरोधमा उत्रन र आफ्नो पार्टीलाई सहयोग गर्न अनुरोध गरेका थिए ।

....... .. .पेज नं. ८ मा

## विभिन्न कार्यक्रम गरी बाल दिवस

सुस्केरा समाचारदाता

डोल्पा, असोज - नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कोभिड १९ को संक्रमणका कारण जुन जिल्ला स्थानिय तहमा जस्तो अवस्था छ त्यसलाई बुझेर वातावरण अनुसार विभिन्न कार्यक्रम गरेर बाल दिवस मनाउन गरेको निर्देशन बमोजिम डोल्पामा पनि बाल दिवस विभिन्न कार्यक्रम गरेर मनाइएको छ ।

सामान्य अवस्था वा कोभिड महामारी, बाल अधिकार संरक्षण हाम्रो जिम्मेवारी भन्ने मुल नाराका साथ डोल्पाका विद्यालयहरु, स्थानीय तहहरुले विभिन्न कार्यक्रम गरेर बाल दिवस मनाइएको हो ।

बाल दिवसका अवसरमा सकेसम्म बालबालिकाहरुको प्रतिभालाई प्रवर्धन गर्ने कार्यक्रमहरु गरेर मनाउने गरिन्छ । यसै क्रममा ध्रुवतारा आधारभुत विद्यालय उपल्लोदुनैले अन्तर सदनात्मक बाजा, गायन र नाच प्रतियोगिता गरेर दिवस मनाएको छ । फोक्सुण्डो सदन र जगदुल्ला सदनका

....... .. .पेज नं. ८ मा

## सरकारले विधेयक पास नगराउँदा सरकारी खर्च रोकियो

सुस्केरा समाचारदाता

काठमाडौं, असोज - सभामुखको अकर्मन्यता भन्दै विरोधमा उत्रेको नेकपा(एमाले) ले सदन अवरोध गरिरहेको छ । यही निहु देखाएर सत्ता पक्षले २ महिन अघि सदनमा प्रस्तुत गरेको विधेयक पास नगराउदा सरकारी खर्च रोकिएको हो ।

एमाले फुटाउनकै लागि साउन ३ गते संचालन भएको संसद अधिवेशन सत्तारुढ दलहरुको गठबन्धन सरकारले विधेयक पास नगरी हतारमा ९ गते सदनको बैठक अन्त तथा बन्द गरी राति नै दल विभाजन सम्बन्धी अध्यादेश ल्याएको थियो । जसका कारण सदनको बैठक अन्त गरिएकाले विधेयक पास हुन सकेन ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा सरकारका कामहरु सुधार तर्फ नलागि अर्को पार्टी फुटाउन अध्यादेश ल्याउनका लागि प्रतिनिधिसभा बैठक अन्त गरी दल विभाजन अध्यादेश ल्याउन तर्फ लागेकाले विधेयक अलपत्र परेको हो ।

चालू आर्थिक वर्ष ०७८/७९ को अध्यादेश बजेटको प्रतिस्थापन विधेयक संसद्बाट समयमा पारित नभए पछि देशमा बजेटविहीनताको अवस्था आएको छ । साउन ३ गते प्रतिनिधि सभामा प्रस्तुत सो विधेयकका प्रतिस्थान विधेयक बुधबारसम्म पारित हुनुपर्ने थियो । वि.सं. २००८ देखि नेपालको बजेटको इतिहासमा यस्तो अवस्था पहिलो पटक आएको हो ।

विधायिकाको स्वीकृतिबिना खर्च गर्न

....... .. .पेज नं. ८ मा

**नेकपा(माओवादी केन्द्र) ......**

ासुन्दरी नगरपालिका, जगदुल्ला गाउ(ँपालिका, मुड्केचुला गाउँपालिकामा भेला तथा अभियान संचालन भैरहेका छन् ।

नेकपा(माओवादी केन्द्रको बैठकले विभिन्न विभाग र पालिका स्तरीय जिम्मेवारीहरु तोकेको जानकारी दिइएको छ । जस अनुसार ठुलीभेरी नगरपालिका कमिटीको अध्यक्षमा कमलबहादुर क्षेत्री, त्रिपुरासुन्दरी नगर कमिटी अध्यक्षमा नवराज बुढाथोकी, मुड्केचुला गाउँकमिटीको अध्यक्षमा देवबहादुर बुढा, जगदुल्ला गाउँ(कमिटीको अध्यक्षमा भक्तसिंह रोकाया, काइके गाउँकमिटी अध्यक्षमा लंकु रोकाय तोकिएका हुन् ।

त्यसै गरी विभिन्न जवर्गिय संगठनहरुको पनि इन्चार्जहरु तोकिएको जनाइएको छ । अखिल नेपाल महिला संघ(क्रान्तिकारी) को जिल्ला इन्चार्ज उर्मिला विश्वकर्मा, अनेरास्ववियु(क्रान्तिकारी) को जिल्ला इन्चार्ज योगेन्द्र बुढा, वाइसिएलको जिल्ला इन्चार्ज दत्त बुढालाई जिम्मेवारी तोकिएको छ । विभिन्न विभ(ागहरु गठन गरिएका छन् ति विभ(ागका संयोजकहरुमा आर्थिक विभाग संयोजक नारासिंह रोकाय, स्कुल विभाग संयोजक नैनप्रसाद पाहाडी, संगठन विभाग संयोजक मालबहादुर रोकाया, प्रचार विभाग संयोजक कम(लबहादुर शाही, युवा तथा खेलकुद विभाग संयोजक दत्तबहादुर शाहीलाई तोकिएको छ ।

नेकपा(माओवादी केन्द्र)को जिल्ला बैठकले गाउँपालिका र नगरपालिका स्तरको राजनैतिक दल गठन गरेको छ। सम्बन्धित गाउँ नगरपालिका सरकारमा आफूले जितेको पालिकामा पालिका सरकार प्रमुखको नेतृत्वमा राजनीतिक दल गठन गरिएको हो ।

**कक्षा १२ को ...... .............**

ालयमा परीक्षा दिन पाएका छन् । अध्ययनरत विद्यालय तथा होम सेन्टर को परीक्षामा सहभागि भएका छन् । कोरोना माहामारिका कारणले पठनप(ाठनमा समस्या भएकाले परीक्षालाई सहज र सजिलो बनाइएको परीक्षा बोर्डले जनाएको छ। यस प्रकारको परीक्षाले हाम्रा बालबालिकाहरुको शैक्षिक योग्यता त बढ्ने भयो तर उनीहरुको शैक्षिक गुणस्तर भने खस्कने हो की भन्ने चिन्ता भने बढेको छ । कोरोना महामारिका कारणले अर्को ठाउँ, गाउ(ँमा गएर बस्न, खान, ओहोर दोहोर गर्न समस्या हुनुका साथै तोकिएका एकाध परीक्षा केन्द्रमा भिड बढेर सामाजिक दुरि कायम गर्न कठिन हुने भएका कारण नेपाल सरकार तथा राष्ट्रिय परीक्षा बोर्डले परीक्षा सहज बनाउन, शैक्षिक सत्र खेर जान नदिनका लागि होम सेन्टर कायम गरी परीक्षा संचालन गरिएको जनाइएको छ ।

**एमसिसिका विरुद्ध ... .........**

नेपाल कम्युनिष्ट पार्टि डोल्पा जिल्ला कमिटीले सम्बन्ध सुधार एवम् संगठन सुदृढिकरण अभियान अन्तरगत र ाष्ट्रिय राजनैतिक अबस्था र हाम्रो जनप्रिय पार्टिको धाराना सार्वजनिक गर्नुका साथै राष्ट्रघाति एमसिसि को विरोद्ध जनसमर्थन जुटाउनका लागि विरोध अभियान संचालन गरिएको पार्टीका विराटसिले जानकारी दिनु भयाएको थियो ।

कार्यक्रम्मा मन्तव्य राख्दै वक्ताहरुले अहिले नेतृत्व गरिरहेका भ्रष्टचारी नेताहरुले जनतालाई झुक्याएर भ्रष्टाचार गर्नका लागि एमसिसि ल्याएको र यसलाई झुक्याएरै पास गर्न लागेको आरोप लगाउनु भएको थियो । आफ्नो पार्टीलाई यो एमसिसिमा सहमति नभएको जिल्ला पार्टि सचिव प्रेमप्रकास ओलीले भन्नु भयो । नेपाल कम्युनिष्ट पार्टिले जिल्ला सदुरमुकाम दुनैमा एमसिसि विरुद्ध नारावाजि सहित बजारमा जुलुस प्रदर्शन गरेको थियो ।

डोल्पा जिल्लाका विभिन्न स्था(नमा राष्ट्रघाति एमसिसि को विरोद सभा कार्यक्रम गर्दै आएको र बाँकी गाउँबस्तिहरुमा विरोध सभाहरु गरिने नेपाल कम्युनिष्ट पार्टि डोल्पाले जनाएको छ ।

एमसिसिको विरोधमा जिल्लाका प्राय सबै पार्टीको एक मत रहेको देखिन्छ। ती पार्टीका नेताहरुले एमसिसि के हो भन्ने राम्रोसँग अध्ययन भने गरेका छैनन् । पार्टीको केन्द्रले जे भनेको छ । पार्टीका केन्द्रिय तथा अन्य नेताले जे भनेको छ त्यही मात्र जिल्लामा गरिरहेका छन् ।

**विभिन्न कार्यक्रम .. ... .........**

बिचमा भएको बागिना प्रतियोगितामा जगदुल्ला सदनले ३५ अंक प्राप्त गरेर प्रथम भएको थियो भने २७ अंक प्राप्त गरेर द्वितीय भएको थियो । यसै गरी कार्यक्रममा सदनात्मक रुपमा विभिन्न खेल प्रतियोगिता पनि संचालन गरिएको जनाइएको छ । दिवस कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जसबहादुर बि.क.को अध्यक्षतामा सम्पन्न गरिएको विद्यालयले जनाएको छ । उता काइके गाउँपालिकाको अरनिको माध्यमिक विद्यालय शहरताराले निबन्ध प्रतियोगिता, म्यूजिकल चियर, इन आउट लगायतका विभिन्न खेल प्रतियोगिता कार्यक्रम गरी बालदिवस मनाइएको प्रधानाध्यापक गोविन्द घर्तीले जानकारी दिनु भयो ।

त्यसै गरी बालदिवसको अवसरमा विभिन्न कार्यक्रमहरु गरेर बालदिवस मनाइएको बालमन्दिर आधारभुत विद्यालयकी प्रधानाध्यापक अम्बिका हमालले बताउनु भयो । बालदिवस मनाउने क्रममा कोभिड १९ को संक्रमणलाई फैलन नदिने गरी नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अपनाएर जिल्लाका अधिकांश विद्यालयहरुले बालदिवस कार्यक्रम सम्पन्न गरेको स्थानीय तहहरुले बताएका छन् ।

**सरकारले विधेयक ..... ....**

नहुने प्रावधानकै कारण बुधबार रातिदेखि सङ्घीय सरकारी खर्च रोक्का भएको हो । सरकारी खर्च केही दिन रोकिने भए पनि राजस्व सङ्कलन भने नरोकिने जनाइएको छ। अघिल्लो सरकारले अध्यादेशमार्फत ल्याएको बजेट वर्तमान सरकारले प्रतिस्थापन विधेयकमार्फत संशोधन गरेकोमा प्रमुख प्रतिपक्षी दलले संसदीय कारबाही अवरुद्ध गर्दा बजेट पारित कार्य प्रभावित भएको हो ।

अर्थमन्त्री जनार्दन शर्माले बजेटविहीनताको अवस्थाले सरकारी भुक्तानी अवरुद्ध हुने भए पनि अल्पकालीन समस्या भएकाले अर्थ प्रणालीमा त्यति ठूलो समस्या नआउने जानकारी दिनुभयो । सङ्घीय संसद्मा जारी अवरोध हटाउन प्रयास भइरहेको र त्यसले छिट्टै प्रतिस्थापन विधेयक पारित हुने उहाँले बताउनुभयो ।

**नियमनका लागि .. ... .........**

नागरिकको गुनासो बारे जवाफ दिने गरिएको थियो ।

सर्वजनिक सुनाइमा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुले नागरिकहरुको प्रश्नको जवाफ दिदै आगामिदिनहरुमा समस्या नदोहोरिने जवाफ दिदै अवका सेवालाई गुनासो नआउने गरी निरन्तरता दिने बताउनु भएको छ ।

सो जिल्ला स्थित सर्वजनिक सुनाइमा नागरिकको गुनासोलाई शिक्षाको रुपमा लिएर सेवाग्राहिलाई सेवा दिन र जिल्लाबासिको लागि जिल्ला स्थित रहेका सम्पुर्ण राजनितकदलहरु र कर्मचारिहरु ,नमगरिकहरु ,एक आपसमा मिलेर जनाताको सेवा गर्नु पर्ने जिल्ल समन्वयका प्रमुख सेरबहादुर बुढाले आग्रह गर्नु भयो ।

जिल्ला स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकको तर्फबाट खिम बुढा, रणबहादुर कार्की, लंक रोकाया, जयनन्द उपाध्याय, विष्णु रोकाय, पूर्णकेशर न्यौपाने, टेकबहादुर शाही, शेरबहादुर बुढा, ओमेन्द्र के.सी., अर्णबहादुर न्यौपाने, हरिप्रसाद डाँगी लगायतले विभिन्न कार्यालयहरुको सेवा प्रवाहका विषयमा प्रश्न गर्नु भएको थियो । सम्बन्धित कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुले प्रश्नको उत्तर दिनु भएको थियो । कार्यक्रम प्रभावकारी भएको दावी गरिएको छ ।


## संविधान दिवस भव्यरुपमा मनाऔं

- असोज ३ गते संविधान जारी भएको दिन, राष्ट्रिय दिवसका रुपमा मनाऔं,
- असोज २,३ र ४ गते यो दिवस विविध कार्यक्रम आयोजना गरी मनाऔं,
- संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय गरौः संविधान दिवसको महत्व बढाऔं,
- घरघरमा राष्ट्रिय झण्डा फहराऔं, साँझ दीपावली गरौं ।

*"कोभिड-१९ संक्रमणको बेला नेपाल सरकारले जारी गरेको मापदण्ड पालना गर्न नबिर्सौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# शुभकामना सहित धन्यवाद

भूगोलका हिसाबले नेपालको सबै भन्दा ठुलो जिल्ला डोल्पा यस जिल्लालाई हरेक क्षेत्रबाट अघि बढाउने सवालमा पत्रकारिताको क्षेत्रमा पनि चिनाउने र यस जिल्लामा भए गरेका सबै सबै प्रकारका सन्दर्भहरुलाई निराकरण गर्नका लागि तथा समुदाय स्तरमा भए गरेका सबै प्रकारका खबरहरुलाई उजागर गरी पाठकसामु तथा अनलाइनका माध्यमबाट विश्वसामु पुर्‍याउनका लागि प्रकाशन सुरु भएको डोल्पाको पहिलो अनि एक मात्र नियमित प्रकासन हुँदै आएको समाचारमुलक पत्रिका हिमाली सुस्केरा साप्ताहिक यस पछिको अर्को अंकबाट २० वर्ष पुरा गरी २१ वर्ष प्रवेश गरेको छ । यस सन्दर्भमा हामी हाम्रा सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, सुभचिन्तक, सल्लाहकार, पत्रकार तथा पत्रिकाका परिवार सबैमा यो सुखद उपलक्ष्यमा हार्दिक हार्दिक हार्दिक शुभकामनाका साथै आभार र धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

पत्रिका प्रकासनका क्रममा हामीले डोल्पामा भए गरेका हामीसम्म आएका सबै प्रकारका खबरहरुलाई संकलन गरी सम्पादन गरेर प्रकासनमा ल्याउने प्रयास गर्‍यौं । पत्रिका प्रकासन गर्नु आफैमा चुनौतिपूर्ण काम हो । यस क्रममा धेरै आरोह अबरोध आए । त्यसलाई यहाँहरु सबैको साथ, सहयोग र रचनात्मक सुझावबाट पत्रिकालाई यहाँसम्म पुर्‍याउन हिमाली सुस्केरा परिवार सफल भएको छ । यो पत्रिका यतिसम्म आउनुमा यहाँको ठुलो योगदान रहेको छ । हिमाली सुस्केरा परिवार यहाँहरुको उच्च प्रसंशा र कदर गर्न चाहन्छ ।

हाम्रो डोल्पामा धेरै कुराको समस्या छ । हामी आफैमा क्षमता विकास गर्न क्रियाशील छैनौं, थोरै क्षमताले स्थापना तथा सिर्जना गरि एका काममा पनि हामी डोल्पालीहरुको एकापसी सहयोग छैन । सहयोग भन्दा असहयोग बढि हुने गर्दछ । त्यसले अन्ततः कुनै पनि काम बन्द हुने, लथालिंग हुने, भताभुङ्ग हुने गर्दछ । समाजलाई सुधारको बाटोमा डोर्‍याउने पत्रकारिता क्षेत्र पनि डोल्पामा त्यति सजिलै हिड्न सकेको छैन । पत्रिका, रेडियो दुबै संञ्चार माध्यमका पाठक र श्रोताले माया गर्ने गरेको भए पनि विज्ञापनदाताहरु र कार्यक्रम सहकार्य गनेहरुको सहजै सहयोग नहुँदा निकै धिमो गतिमा हिड्नु परेको अवस्था रहेको छ ।

पत्रकारितामा लागेका औंलामा गन्न सकिने जनशक्तिको पनि त्यति धेरै क्रियाशीलता पनि देखिदैन तथा यसैबाट मात्र आफ्नो जीवन चलाउन र समाजलाई सुधार गर्न यही पेशा मात्र अंगालेर धान्न मुस्किल रहेको अवस्थाका कारण पनि डोल्पाको पत्रकारिता दौडन सकेको छैन । तै पनि समाज बदल्ने, समाजमा सकारात्मक सन्देश प्रवाह गने, समाजका तिता मिठा सबै प्रकारका खबरलाई विश्व सामु पस्कने हाम्रो अभियानमा बिराम हुने छैन । यसमा सबैको सहयोग पाएका छौं र रही रहने आशा गरेका छौं । गाउँ शहर ब्यूझाउने, समाजको मुहार फेर्न र भ्रष्टाचार, अन्याय, अत्याचार र गलत ब्यावहार गर्नेलाई खबरदारी गर्नु र समाजमा सकारात्मक सन्देश प्रवाह गर्नु हाम्रो दायित्व भित्र पर्छ हामी यस अभियानबाट बिचलित हुने छैनौं ।

# नयाँ अनुहार

रेखा सुवेदी
गरिमाबाट

एक साँझ
आर्यन आमाको पाठेघर च्यातेर
नग्न मझैं यो पृथ्वीमा
म जन्मेकी हुँ
मैले देखें मेरो हातमा थमाइएको
मङ्गोलियन बीर्यको टोकन ।
आकाशमा अल्झिरहेथ्यो घाम
म र सालनाल डुबिरहेको
सुत्केरी रगतको आहालछेउ आई
ऊ कड्कियो
तँ को होस् ?
मैले जन्मिदै प्रश्न लिएर जन्मिएछु ।
म अलमलिएँ
ब्राह्मण
क्षत्री
किराती
मधेसी
आदिवासी .....
मैले हेरें
आमाको अनुहार
उसले भन्यो
तँ आर्यन होस् ।
अहँ स्वस्फूर्त मेरो मुन्टो हल्लियो
मैले बाबाको अनुहार हेरें
सोध्यो
तँ मङ्गोलियन होस् ?
अहँ
तँ को होस् ?
मैले परपर हेरें
सोध्यो
ककेसियन ?
दविड ?
निग्रो ?
मैले भनें- ती केही होइन ।
अझै कड्कियो -
तँ को होस् ?
तेरो भाषा ?
तेरो धर्म ?
..... ?
मैले खपिरहें
प्रश्नैप्रश्नका मिसाइल आक्रमण
म रन्थनिरहें-
म हो हुँ ।
उसको सम्मुख मैले भनें-
लब्धो देश
उग्र जाति
सङ्कुचित धर्म
उच्छ्ङ्खल भाषा
आयातित संस्कृति आदिले
मेटिरहेछ मेरो सच्चा पहिचान,
छेलिरहेछ तिनीहरुभन्दा पृथक्
मेरो अनुहार
म यो पृथ्वीको नयाँ अनुहार
नयाँ मानिस
मेट्नेछ मेरो पैतालाले
भूगोलका तमाम रेखाहरु
छेलिनेछन् अब
जराझैं गाडिएर रहेका आदिम अनुहारहरु ।
विश्व मेरो घर हुनेछ
जोडले मैले बोलें । .......

खेलकुद

# अध्यक्ष कप जुफाल युवाक्लवलाई

सुस्केरा समाचारदाता
डोल्पा, असोज - ठुलिभेरी नगर पालिका वडा नं ८ ले आयोजना गरे को पुरुष जिल्ला स्तरिय अध्यक्ष कप भलिवल प्रतियोगिताको कप जुफाल युवा क्लवले हात जितेको छ । भाद्र पुर्णिमाको अबसर पारेर भदौ २८ गते बाट अध्यक्ष कप भलिवल प्रतियोगिता भएको हो । उक्त प्रतियोगिताका लागि दर्ता भएका तेह्र वटा टिमलाई पछि पादै जुफाल युवाक्लवले जितेको हो । प्रथम भएको उक्त युवाक्लवले एक लाख पन्द्र हजार पाँचसय पचपन्न नगद सहित ट्रफि र प्रमाणपत्र हात पारेको हो । त्यसै गरी सुर्यमुखि युवाक्लव दोस्रो बिजेता भएको छ । सो क्लवले पुरस्कारको रुपमा पचहत्तर हजार पाँचसय पचपन्न रुपैंय, ट्रफि र प्रमाणपत्र हात परेको हो । तृतीय स्थान मुड्केचुला युवाक्लवले हात पारेको छ । एकाउन्न हजार पाँचसय पचपन्न रुपैयाँ, ट्राफि र प्रमाणपत्र सहित तृतीय पुरस्कार हात पारेको हो । उक्त खेलमा सहभागि बाँकी १० ओटै टिमलाई तिन हजार पाँचसय र प्रमाण पत्र प्रदन गरिएको कार्यक्रम संयोजक मनराम ठकुल्लाले जानकारी दिनु भयो । उत्तकृष्ट खेलाडीको रुपमा जुफाल युवाक्लवका सुवास शाही र अनुशासित खेलाडीको रुपमा अयोजक समुहका खेलाडी चन्द्रप्रसाद डाँगी पुरस्कृत हुनु भएको छ । उहाँहरुलाई नगद पाँच हजार पाँच सय पचपन्न र प्रमाणपत्र पुरस्कृत गरियको आयोजक वडाका वडा अध्यक्ष हरिप्रसाद डाँगीले जानकारी दिनु भयो ।

# अर्थसम्बन्धी प्रतिस्थापन विधेयक

सुस्केरा समाचारदाता
काठमाडौं, असोज - सरकारले प्रतिस्थापन विधेयकमार्फत चालु आर्थिक वर्षका लागि रु १६ खर्ब ३२ अर्ब ८३ करोडको बजेट विनियोजन गरेको छ । विरोधका बिच अर्थमन्त्री जनार्दन शर्माले अर्थसम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयकका सम्बन्धमा सङ्घीय संसद्मा वक्तव्य दिँदै चालु आवका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न उक्त बजेट ल्याइएको जानकारी गराउनुभयो ।

कूल विनियोजनमध्ये सङ्घले खर्च गर्ने चालुतर्फको रु ६ खर्ब ७७ अर्ब १९ करोड अर्थात् ४१ दशमलव ४२ प्रतिशत र पूँजीगततर्फ रु तीन खर्ब ७८ अर्ब १० करोड अर्थात् २३ दशमल १६ प्रतिशत रहेको छ ।

वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ८९ अर्ब ४४ करोड अर्थात् ११ दशमलव ६० प्रतिशत तथा प्रदेश र स्थानीय तहमा स्थानीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८७ अर्ब ३० करोड अर्थात् २३ दशमलव ७२ प्रतिशत रहेको अर्थमन्त्री शर्माले जानकारी दिनुभयो ।

वित्तीय हस्तान्तरणतर्फ विनियोजित बजेटमध्ये चालु खर्चमा समानीकरण अनुदानसहित रु तीन खर्ब २५ अर्ब ७५ करोड अर्थात् ८४ दशमलव ११ प्रतिशत र पूँजीगततर्फ रु ६१ अर्ब ५५ करोड अर्थात् १५ दशमलव ८९ प्रतिशत रहेको छ ।

चालु आवका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट रु १० खर्ब ५० अर्ब ८२ करोड र वैदेशिक अनुदानबाट ५९ अर्ब ९२ करोड बेहोरिने छ ।

चालु पूँजीगत र वित्तीय हस्तान्तरणतर्फ विनियोजित खर्चमा राजस्व र वैदेशिक अनुदानबाट बेहोर्दा रु पाँच खर्ब २२ अर्ब नौ करोड न्यून हुने बताइएको छ । वित्तीय व्यवस्थातर्फको विनियोजित रकम समावेश गर्दा कूल विनियोजनमा न्यून हुने रकममध्ये वैदेशिक ऋणबाट रु दुई खर्ब ८३ अर्ब नौ करोड र आन्तरिक ऋणबाट रु दुई खर्ब ३९ अर्ब बेहोरिने उल्लेख छ ।

आन्तरिक ऋण तथा वैदेशिक ऋणको अंश करिब रु ३७ अर्ब घटाइएको चालुतर्फ १० प्रतिशत घटाइएको छ । यसबाट नेपाली जनतामा सानो अङ्कमा भए पनि ऋण भार कम हुने दाबी अर्थमन्त्रीको छ । अध्ययन अनुसन्धान र विश्लेषणमा आधारित रहेर अर्थ मन्त्रालयमा एक 'थिङ्क ट्याङ्क रहने व्यवस्था गरिएको विनियोजित बजेटमा उल्लेख छ ।

## दिगो विकासमा स्थानीय तहको भूमिका

- प्रमोद अर्याल

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने हरेक स्थानीय तहको लक्ष्य हो । स्थानीय आर्थिक विकास समृद्धिको आधार र रणनीतिक कार्ययोजना हो । स्थानीय आर्थिक विकासका लागि आधारभूत संरचना तथा अनुकूल वातावरण बन्दै गरेको अवस्था भए तापनि पालिकाहरू स्थानीय आर्थिक विकासमा योजनाबद्ध रूपमा लागिपरेको अवस्था छैन । स्था( नीय आर्थिक विकासका आधारहरू सहकारी संस्था, बेरोजगार जनशक्ति, ऊर्जा, बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति, पहुँचमार्ग, अधिकारसम्पन्न स्थानीय तह, निर्वाचित ............

बाल संशार



बाल दिवस मनाउदै ध्रुवतारा आधारभुत विद्यालय उपल्लोदुनैका बालकालिका

# प्रचण्ड देउवा खटपटको संकेत

सुस्केरा समाचारदाता
काठमाडौं, असोज - सरकार गठन भएको दुई महिना, ६ दिन भइसकेको छ । नेपाली कांग्रेसको नेतृत्वमा बनेको गठबन्धनको सरकार निरिह बनेको छ । मन्त्रिपरिषद विस्तार हुन सकेको छैन ।

प्रधानमन्त्री शेरबहादुर देउवालाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले घुमाउन थालेका छन् । प्रचण्डले असहयोग गरेकै कारण देउवाले दुई महिना कटिसक्दा पनि मन्त्रिपरिषद विस्तार गर्न सकेको छैन । कांग्रेसलाई माओवादीसँगको गठबन्धन कहिल्यै पनि सहयोगी हुन सकेको छैन । विगतमा पनि प्रचण्डले कांग्रेसलाई धोका दिँदै आएको आरोप छ । यस पटक पनि प्रचण्डले कांग्रेसलाई धोका दिने पक्का जस्तैछ । प्रचण्डले अहिले माओवादी पार्टी विघटनको कुरा गर्दै आउनु भएको छ । उहाँले पार्टी नै विघटन गरेर के गर्न खोजेको प्रश्न उठेको छ ? कारण भन्नु भएको छैनन् । विगतमा माओवादी पार्टी विघटन गर्ने भनेका प्रचण्डले एमालेसँग अचानक कथित बामगठबन्धन बनाएर चुनावमा जानु भएको हो । पछि एमालेसँग पार्टी एकीकरण गरेर नेकपा बन्यो । व्यक्तिगत स्वार्थका कारण नेकपा भन्ने पार्टी धेरै दिन अगाडि बढ्न सकेन । अहिले पनि प्रचण्डले पार्टी विघटनको कुरा अगाडि बढाइरहेनु भएको छ । केपी ओलीसँग प्रचण्डले पार्टी एकीकरण वा बाम गठबन्धन गरे भने आश्चर्य नमाने हुन्छ । प्रचण्डलाई माधवकुमार नेपालको नेकपा (एकीकृत समाजवादी)सँग पार्टी एकीकरण गरेर खासै सहयोग हुनेछैन ।

## सामान्य ज्ञान ४७

*१. नेपालका सरकारी सञ्चार माध्यमहरूको परिवर्तित नारा के हो ?*
*☐ समृद्धिका लागि सञ्चार*
*- यसअघिको नारा 'विकासका लागि सञ्चार' रहेको ।*
*- नेपालका सरकारी सञ्चार माध्यमका रूपमा नेपाल टेलिभिजन, रेडियो नेपाल, रासस र गोरखापत्र रहेका ।*
*२. देशमा सबैभन्दा पहिले स्थापित लिक्विड अक्सिजन प्लान्ट कहाँ रहेको छ ?*
*☐ सिमरहवा (रूपन्देही)*
*- यसको उद्घाटन वि.सं. २०७८ जेठ ३० मा भएको ।*
*- यस प्लान्टमा दैनिक ६० मेट्रिकटन अक्सिजन उत्पादन हुने ।*
*३. नेपालकै पहिलो महिला फिफा रेफ्री को हुन् ?*
*☐ कल्पना शर्मा*
*४. विश्व क्षयरोग दिवस कहिले मनाइन्छ ?*
*☐ मार्च २४*
*(सन् २०२१ को नारा : सङ्केत समयको क्षयरोग अन्त्यको **-The clock is Tickling**)*
*५. राष्ट्रिय महिला अधिकार दिवस कहिले मनाइन्छ ?*
*☐ जेठ १६*
*- वि.सं. २०७८ जेठ १६ मा 'महिलाको सुरक्षा र अधिकार: सङ्कटकालीन व्यवस्थापन हाम्रो सरोकार' नाराका साथ तेस्रो राष्ट्रिय महिला अधिकार दिवस मनाइएको ।*

# लोकतन्त्रप्रति विश्व प्रतिबद्धता

- हरिविनोद अधिकारी

प्रजातन्त्र भनौं वा लोकतन्त्र, यो अति संवेदनशील राज्य प्रणाली हो । ग्रिसको एथेन्सबाट दार्शनिक सोचले सीमितरूपमा सुरु भएको यो प्रणाली त्यो बेला त करिब दुई शताब्दी मात्र चलेको थियो । आजको विश्वमा प्रजातन्त्र यस्तो अपरिहार्य व्यवस्था मानिएको छ कि राज्यलाई सैनिक बलले चलाउने, हुकुमी शैलीमा चलाउने शासकले पनि राज्य प्रणालीमा लोकतान्त्रिक प्रक्रिया र जनताको सहभागिताले आफ्नो सत्ता चलेको बताउन पछि पर्दैनन् । प्रमाणस्वरूप जनताले कुनै पनि खालको विरोध नगरेको भन्दछन् । राज्य प्रणालीका बारेमा जनतलाई बोल्ने, लेख्ने, स्वतन्त्र संस्थाहरू खोल्नेजस्ता कार्यमा अधिकारविहीन बनाइएको हुन्छ । अभिव्यक्ति स्वतन्त्रताका नाममा अनेक बन्धन राखिएको हुन्छ । सायद त्यसैलाई ध्यानमा राखेर होला, आईपीयू अर्थात् अन्तरव्यवस्थापिका सङ्घले विश्वभरका सभामुख तथा सांसदहरूको साधारण सभामा अन्तर्राष्ट्रिय मानकका रूपमा विश्वका सबै देशलाई स्वीकार हुनेगरी प्रजातन्त्रका आवश्यक शर्तहरू राखेर ‘लोकतन्त्रको विश्वव्यापी घोषणापत्र’ तयार गरेको थियो । कायरोमा बसेको अन्तरव्यवस्थापिका परिषद्को १६ सेप्टेम्बर १९९७ को १६१ औं सत्रमा जारी घोषणापत्रको आधारमा यसमा संलग्न विश्वका सम्पूर्ण सरकार र व्यवस्थापिकाहरूले लोकतन्त्रका निर्देशित सिद्धान्तलाई पालना गरुन् भन्ने आह्वान गर्दछ भनिएको थियो र त्यसैलाई संयुक्त राष्ट्रसङ्घले २००७ नोभेम्बर ८ तारिखका दिन पारित गर्दै प्रत्येक सेप्टेम्बर १५ तारिखलाई ‘विश्व लोकतन्त्र दिवस’को रूपमा मनाउन आफ्ना सदस्य राष्ट्रलाई आह्वान गरेको छ ।

लोकतन्त्रका लागि पनि अन्तर्राष्ट्रिय दिवस तोकिएको छ भन्ने जानकारी धेरै कमलाई मात्र हुनसक्छ तर विश्वको साझा संस्था संयुक्त राष्ट्रसङ्घले १५ सेप्टेम्बरलाई लोकतन्त्रको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउन आफ्ना सबै सदस्य राष्ट्रलाई आह्वान गरेको छ । विश्वका लागि सबैलाई, अझ खासगरी तेस्रो विश्वमा केही सहस्राब्दी लक्ष्यहरू तोकेको छ । सन् २०३० सम्ममा प्रजातान्त्रिक व्यवस्थाका आडमा चरम गरिबी, अन्यायका विरुद्ध लड्ने, असमानताका विरुद्ध सङ्घर्ष गर्ने, सामाजिक अन्याय, जलवायु परिवर्तनविरुद्ध लड्ने समयको व्यवस्थापन गर्नका लागि दिगो विकासको समय तोकिएको हो । मानव अधिकारको प्रत्याभूति त मुख्य तत्व नै हो । यसको कार्यान्वयनका लागि चाहिने आवश्यक कानुन तयार गरी कडा अनुगमन गर्न विश्वका संसदहरूले ध्यान पुऱ्याउने समयको रूपमा एजेण्डा २०३० लाई आधार बनाइएको छ । संयुक्त राष्ट्रसङ्घले प्रजातन्त्रका लागि दिगो विकास अर्थात् प्रजातन्त्रलाई प्रवर्द्धन गर्नका लागि र जनताको शासनप्रणाली बनाउनका लागि दिगो विकाससम्बन्धी राष्ट्रसङ्घीय नीतिलाई विश्वव्यापीरूपमा फैलाउन विश्वका १७० राष्ट्रका सांसदहरूलाई आह्वान पनि गरेको छ । यो हाम्रो पृथ्वीलाई सुन्दर, शान्त र मानवका लागि बस्न लायक बनाउन पनि प्रजातन्त्रको दिगो विकास आवश्यक परेको बताउँदै आगामी नौ वर्षभित्रमा दिगो विकाससम्बन्धी लक्ष्य नम्बर १६ पूरा गर्नका लागि सदस्य राष्ट्रका सरकार, संसद्, सांसद तथा नागरिक समाजको ध्यान पुगोस् भन्ने चाहना यसले राखेको छ ।

आज विश्वमा लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा भनेको जनताले चुनेको संसद्लाई सरकारले विघटन गर्ने र जनताका विरोधी शक्तिको असहिष्णु व्यवहार नै हो भन्ने कुरामा संयुक्त राष्ट्रसङ्घ र अन्तरव्यवस्थापिका सङ्घ एकमत भएका छन् । त्यसैले जहिले पनि मुख्य केन्द्रीय भावना प्रजातन्त्रको रक्षाका निम्ति लागिरहने जनताको प्रतिनिधि थलो संसदको सुदृढीकरण गर्नुपर्ने र प्रभावकारी हस्तक्षेप हुनुपर्ने मानिएको छ । सन् २०३० सम्ममा मानव अधिकार, सामाजिक न्याय, समानुपातिक विकास, लोकतन्त्रको विकास र प्रवर्द्धन गर्न संसद्प्रति सबै सहनशील हुन र संसद्प्रति आस्थावान् रहन आह्वान गरिएको छ ।

यो दिवस तोक्ने र मनाउनुपर्ने कारणका लागि पृष्ठभूमिमा जानुपर्ने हुन्छ । सन् १८८९ मा स्थापना भएको अन्तरव्यवस्थापिका सङ्घ र विश्वको साझामञ्च संयुक्त राष्ट्रसङ्घको यो प्रयास र परिणाम एकै दिनको होइन । प्रजातन्त्रको अपरिहार्यता र यसप्रति देखिन थालेको खतरा दुवैलाई यसले इङ्गित गर्दछ । १९९७ को सेप्टेम्बरमा अन्तरव्यवस्थापिका सङ्घले कायरोमा लोकतन्त्रको विश्वव्यापी घोषणापत्र पारित गरेको थियो । त्यस घोषणापत्रले लोकतन्त्रका सिद्धान्त, लोकतान्त्रिक शासन व्यवस्थाका तत्व तथा अभ्यास र लोकतन्त्रका अन्तर्राष्ट्रिय आयामसमेतको स्पष्ट किटान गरिसकेको थियो । त्यसैलाई राष्ट्रसङ्घले अनुमोदन गरेको मात्र हो । विश्वका १५४ देशका संसद् प्रतिनिधि र ८ क्षेत्रीय संसद्का आधिकारिक प्रतिनिधिले हस्ताक्षर गरेर तयार गरिएको यो दस्तावेजलाई सन् २००७ नोभेम्बर ८ मा बसेको संयुक्त राष्ट्रसङ्घको साधारणसभाले अनुमोदन गरी विश्वभर लोकतन्त्र दिवस मनाउने निर्णय गऱ्यो । ........

## ठुलीभेरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

ठुलीभेरी नगरपालिकाको कार्यालय

जुफाल, डोल्पा

## शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्डाङ, डोल्पा

# सञ्चय कोषको प्रभावकारीता

- शान्ता गौतम

सामाजिक सुरक्षा सामाजिक न्याय, सामाजिक शान्ति, आर्थिक एवं सामाजिक स्थायित्वका पूर्वसर्त हुन् । सयुक्त राष्ट्रसङ्घको मानव अधिकार घोषणा-पत्रले सामाजिक सुरक्षालाई जनताको आधारभूत मानव अधिकारका रूपमा स्वीकारेको र नेपालको संविधान, २०७२ ले पनि यसलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ ।

जीवनको प्रारम्भदेखि अन्त्यसम्म मानिसले कार्यस्थलमा हुनसक्ने दुर्घटना, व्यवसायजन्य रोगहरू, शारीरिक र मानसिक असक्षमता, सुत्केरी तथा बिरामी, बेरोजगारी, वृद्ध अवस्था एवं मृत्युजस्ता अवस्थाबाट सिर्जना हुने जोखिमहरू बहन गर्नुपर्ने हुन्छ । यी अवस्थाले मानिसको नियमित आयमा क्षति पुऱ्याउँछ र गुणस्तरीय जीवन योजनामा कठिनाइ हुन्छ । यस्तो असहज अवस्थामा व्यक्ति र आश्रित परिवारलाई आर्थिक असुरक्षा गर्न राज्य वा रोजगारदाताबाट सञ्चय कोष, निवृत्तिभरण, बीमालगायत अनिवार्य बचतको माध्यमबाट कर्मचारीको जीवनलाई सहज बनाउने विश्वव्यापी अभ्यास रहेको छ ।

नेपालका कर्मचारीलाई सेवाकाल र अवकाशपछि हुनसक्ने सम्भावित जोखिमबाट सुरक्षित गर्न योगदानमा आधारित सञ्चयकोष प्रणालीको सुरुवात भएको हो । कर्मचारी सञ्चय कोष स्थापनाको सन्दर्भमा एउटा रोचक प्रसङ्ग रहेको छ । १९९१ सालमा श्री ३ जुद्धशमशेर प्रधानमन्त्री भएका बखत एक जना सैनिक कर्मचारी सेवाबाट अवकाश भएपछि घर जान लाग्दा उनीसँग बाटो खर्चसमेत नभएको कारुणिक अवस्था देखेर जागिर छाडेका सैनिक कर्मचारीको भविष्यलाई लिएर यसपछि राष्ट्र सेवामा समर्पित सैनिकहरूले पाउने मासिक तलबबाट निश्चित रकम कट्टा गरी सैनिक द्रव्यकोष नामक एउटा कोषमा जम्मा गर्न सुरु गरियो । अनिवार्य बचतसम्बन्धी व्यवस्था नेपालमा सन् १९३४ मा सुरु भइसकेपछि भारतमा (सन् १९५२), मलेसिया (सन् १९५२), सिङ्गापुर (सन् १९५५), श्रीलङ्का (सन् १९५८) बाट सुरु भएकोले नेपालमा सञ्चय कोषसम्बन्धी प्रणालीको विकासमा विकसित देशहरूको प्रोभिडेण्ट फण्डको व्यवस्थाबाट भएको हुनुपर्छ । सैनिक द्रव्य कोषसम्बन्धी व्यवस्थाको प्रारम्भिक मस्यौदा डिपोजिटरी अफिसको नामबाट तयार भए पनि वि.सं. १९९१ भदौ ४ गते गठन हुँदा प्रोभिडेण्ट फण्डको नामबाट खड्ग निशाना जारी भएको पाइन्छ । सैनिक द्रव्य कोषको नामबाट सुरु गरिएको कोषकट्टी गर्ने व्यवस्था कर्मचारीको अवकाशपछिको जीविकोपार्जनका लागि ज्यादै उपयोगी एवं प्रभावकारी पाइएकाले २००१ सालमा काठमाडौँ उपत्यकाका निजामती कर्मचारीको प्रोभिडेण्ट फण्डको व्यवस्था र २००५ सालदेखि नेपाल अधिराज्यभरिका निजामती कर्मचारीका लागि लागू गरियो । २०१७ सालमा अर्थ मन्त्रालयअन्तर्गत कर्मचारी सञ्चयकोष विभाग गठन गरी सैनिक एवं निजामती कर्मचारीको सञ्चय कोषको व्यवस्थापन एउटै निकायबाट सुरु गरियो ।

२०१९ साल असोज १ गतेदेखि लागू हुनेगरी २०१९ भदौ २९ गते नेपाल राजपत्रमा कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी भएको थियो । ऐनको प्रस्तावनामा 'नेपाल सरकार र सङ्गठित संस्थाका कर्मचारीहरू, अन्य कर्मचारीहरू र स्वरोजगारमा संलग्न व्यक्तिहरूको निमित्त सञ्चय कोष, निवृत्तिभरण कोषलगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बान्छनीय भएकोले' भन्ने रहेको छ । यसबाट तत्कालीन सरकारले कोषकबो स्थापनामा कति महत्व दिएको र कति गर्विलो संस्था बनाउने सोचबाट प्रेरित थियो भन्ने प्रष्ट हुन्छ । प्रारम्भमा एक सय १५ जना स्थायी कर्मचारीले ३० हजार सञ्चयकर्ताको ३७,०१,४८८/१७ रुपियाँ बचत परिचालन र सेवा प्रवाह गर्न सुरु गरेको कोषमा समय-समयमा सङ्गठनात्मक संरचनामा परिवर्तन हुँदै अधिकतम ९०१ सम्मको दरबन्दी संरचना रहेको पाइन्छ । कोषको पहिलो प्रशासकमा अर्थ मन्त्रालयका सह-सचिव परीक्षित नरसिंह राणालाई नियुक्त गरिएको थियो । वि.सं. २०५३ मङ्सिरमा भएको ऐनको आठौं संशोधनले सञ्चालक समितिको बनोटमा परिवर्तन गरी कोषमा आबद्ध सबै सञ्चयकर्ताको प्रतिनिधित्व हुने र विषय विज्ञको उपस्थितिलाई समेत आवश्यक देखी सोहीअनुरूपको सञ्चालक समितिको संरचना कायम गरेको छ । कोषमा आबद्ध कर्मचारीले आफूले प्राप्त गर्ने मासिक तलबबाट अनिवार्य रूपमा तलबको निश्चित प्रतिशतका दरले कोषकट्टी गर्नुपर्ने व्यवस्था सुरुदेखि नै भए पनि तलबको १० प्रतिशतका दरले कट्टी गर्ने व्यवस्था भने २०३० सालदेखि सुरु भएको हो । यसरी कट्टा गरिएको रकममा २०१९ साल माघ १९ गतेभन्दा अगाडि सम्बन्धित कार्यालयबाट थप गर्ने व्यवस्था थिएन । २०१९ माघपश्चात् कट्टी भएको रकमको १० प्रतिशत थप गर्ने, २०२५ साउनदेखि राजपत्राङ्कित कर्मचारीको हकमा २५ प्रतिशत र राजपत्र अनङ्कित कर्मचारीको हकमा ५० प्रतिशत थप गर्ने व्यवस्था भएकोमा २०२६ साल साउनदेखि सबै कर्मचारीको कट्टीमा शत प्रतिशत थप गर्ने व्यवस्था भइआएको छ । २०२८ सालमा स्थापना भएको राष्ट्रिय कम्प्युटर केन्द्रको कम्प्युटर प्रविधि प्रयोग गर्ने सीमित संस्थामध्ये कोष पनि एक हो । २०३६ सालदेखि सञ्चयकर्ताको कोषकट्टी विवरण तयार गर्ने कार्यदेखि कम्प्युटर प्रविधि प्रयोग भएको पाइन्छ । ऐनले सञ्चयकर्ताको योगदान रकममा अनिवार्य रूपमा प्रतिफल दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । कोषले न्यूनतम तीन प्रतिशत प्रतिफल दिन नसकेमा प्रत्येक आर्थिक वर्ष तमामको दिन कोषको पुँजी र दायित्व बजार भाउले मूल्याङ्कन गर्दा वार्षिक तीन प्रतिशत ब्याज दिन नपुग्ने भएमा त्यस्तो ब्याज दिन नपुग रकम जति नेपाल सरकारको सञ्चित कोषप्रति व्ययभार हुनेछ भन्ने व्यवस्था गरेको छ । ........(गोरखापत्रबाट साभार)

## मुड्केचुला गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१ अनावश्यक घर बाहिर ननिस्कौं ।

२ आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३ कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौ, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४ कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५ खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६ महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७ रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८ अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९ कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैंले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१० आफुलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौ र कोरोनाको जाँच गराऔं ।

११ त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

मुड्केचुला गाउँपालिकाको कार्यालय

नर्कु, डोल्पा

## छार्का ताङसोङ गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१ अनावश्यक घर बाहिर ननिस्कौं ।

२ आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३ कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौ, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४ कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५ खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६ महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७ रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८ अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९ कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैंले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१० आफुलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौ र कोरोनाको जाँच गराऔं ।

११ त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय

ढाँडगाउँ, डोल्पा

# लोकतन्त्रको दिगोपनामा चुनौती

- धर्मेन्द्र झा

सेप्टेम्बर १५ (भदौ ३० गते) मा विश्वभर अन्तर्राष्ट्रिय लोकतन्त्र दिवस मनाइयो । स्वाभाविक रूपले यस दिवसको चर्चा नेपालमा पनि गरियो तर औपचारिक रूपमा भने यस सन्दर्भमा कुनै कार्यक्रमको आयोजना गरिएको जानकारी प्राप्त भएन । अन्तरव्यवस्थापिका परिषद् (इन्टर-पार्लियोमेन्ट्री युनियन) र संयुक्त राष्ट्रसङ्घको घोषणामा सन् १९९७ देखि सेप्टेम्बर १५ लाई अन्तर्राष्ट्रिय लोकतन्त्र दिवसका रूपमा मनाउन थालिएको हो । यस दिन लोकतन्त्रका बारेमा विश्वभर साझा बुझाइ प्रवर्द्धन गर्ने उद्देश्य रहेको जगजाहेर छ । वास्तवमा यस दिवसका माध्यमले लोकतन्त्रप्रतिको सचेतना अभिवृद्धिको प्रयास गर्ने गरिन्छ र सत्ता सञ्चालकहरूलाई लोकतन्त्रप्रति इमानदार रहन घचघच्याउने प्रयत्न गरिन्छ । यस दिवसको सेरोफेरोमा रहेर नेपाली लोकतन्त्रका सम्बन्धमा केही चर्चा गर्नु उपयुक्त हुने ठानिएकोले प्रस्तुत आलेख यसै उद्देश्यप्रति केन्द्रित छ ।

लोकतन्त्रको कुरा गर्दा केही प्रश्न बारम्बार सामुन्नेमा तेर्सिन्छन्- के नेपालमा लोकतन्त्र स्थापित छ ? के नेपालमा आफूलाई लोकतन्त्रका हिमायती ठान्नेहरूको व्यवहार साँच्चिकै लोकतन्त्रमा आधारित छ ? नेपालमा कलिलै अवस्थामा रहेको लोकतन्त्रको लाभ कसले लिइरहेका छन् ?

वास्तवमा यीमध्ये कुनै पनि प्रश्नको उत्तर सहज रूपमा उपलब्ध हुनसक्ने अवस्था छैन । नेपालको लोकतन्त्रको अवस्थाको विश्लेषण गर्नेक्रममा कताकता के पनि लाग्छ भने, सिद्धान्ततः यहाँ लोकतन्त्र भए पनि व्यवहारमा लोकतन्त्रसँग अनेक समस्या टाँसिएका छन् । मूल समस्या त के हो भने, लोकतन्त्र सञ्चालनको जिम्मेवारीमा रहेका नेताहरू नै इमानदार, प्रतिबद्ध र सक्षम भइदिएनन् । लोकतन्त्रको अर्थ सत्ताको फेरबदल र शासन सञ्चालन मात्र होइन । सत्ता र शासन त लोकतन्त्रको कुशल सञ्चालनको एक माध्यम मात्र हो । तर नेता र राजनीतिक दलका दृष्टिमा (केही अपवादबाहेक) सत्ता नै अन्तिम सत्य हो । शायद राजनीतिको अन्तिम लक्ष्य नै शासनको प्राप्ति हो । यही कारण हो, पञ्चायतको अन्त्य भएपछिका दिनमा लोकतन्त्र चल्न त चल्यो तर जनअपेक्षा अनुकूल प्रभावकारी हुन सकेन । शासनमा कहिल्यै पुस्तान्तरण भएन । शासनमा समावेशी स्वरूप र चरित्र देखिन सकेन । बत्तीस वर्षदेखि लगातार एकै अनुहार सत्ताको सोपानमा छन् । अब यो प्रश्न उठ्नु अत्यन्त सान्दर्भिक भइसकेको छ, के ती अनुहार ठिक थिए या छन् ? उनीहरू ठिक भएको भए त देशको लोकतन्त्र पनि उन्नत हुनुपर्ने थियो । देशको विकासले पनि अपेक्षित गति लिइसक्नुपर्थ्यो । कर्णालीका गाउँगाउँमा र मधेसका फाँटफाँटमा विकास पुगिसक्नुपर्थ्यो । त्यसो हुन सकेन । मानवअधिकार अझै पनि समस्याग्रस्त नै छ । रोजगारीका लागि अझै पनि खाडी नै मुख्य गन्तव्य बनिरहेको छ । स्वास्थ्य चौकी उद्घाटनका लागि मुख्यमन्त्रीको उपस्थितिमा धामी काम्नुपर्ने अवस्था अझै विद्यमान छ ।

यस्तोमा नेता र दलहरू गलत थिए वा छन् भन्ने निष्कर्षमा पुग्नु पनि शायद हतार हुनसक्छ । तर एउटा कुरा महान् वैज्ञानिक अल्वर्ट आइन्सटाइनले भन्नुभएको जस्तो भने हो । आइन्सटाइनले भन्नुभएको छ, ‘‘कुनै समस्याको समाधानका लागि अपनाइएको उपाय सफल हुँदैन भने पटक-पटक त्यही उपायको प्रयोग गरिरहनुको कुनै अर्थ छैन ।’’ विगत बत्तीस वर्षदेखि लगातार प्रयोगमा रहनुभएका नेताहरूले आजको अवस्थामा आइपुग्दा नेपालको लोकतन्त्र र विकासबारे आफूहरूको सान्दर्भिकताको मूल्याङ्कन गर्ने कि नगर्ने ? यो प्रश्न टड्कारो रूपमा उपस्थित भएको छ । यस्तोमा निष्कर्ष निकाल्न सकिएला, लोकतन्त्र सफल हुन सकिरहेको छैन र यसमा कतै न कतै यसका प्रमुख सञ्चालकहरूको भूमिका महत्वपूर्ण छ । यहाँ विद्वान् हन्टिङ्टनको भनाइलाई पैँचो लिएर विश्लेषण गर्न पनि सकिन्छ । उहाँले भन्नुभएको छ- ‘‘तेस्रो विश्वका मुलुकमा लोकतान्त्रिक प्रक्रियाबाट सत्तामा पुगेका नेताहरूबाटै लोकतन्त्रलाई खतरा उत्पन्न भएको छ ।’’ नेपालका सन्दर्भमा यस भनाइलाई सम्पूर्ण ढङ्गले सत्य मान्न नसकिएला तर पूर्णतः असत्य मान्न सकिने अवस्था पनि छैन । विगतमा संसद्मा करिब दुईतिहाई मत प्राप्त गरी सत्तासीन भएको सरकारका काम कारबाही लोकतन्त्रको सफल सञ्चालनका दृष्टिले उपयुक्त र उचित थिएनन् । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीका कारण लोकतन्त्र खतरामा पुगेको कुरा अब कसैबाट लुकेको छैन । ओलीले लोकतन्त्रभन्दा पनि सत्ता र दलीय स्वार्थलाई बढी महत्व दिनुभयो । यही कारण हो, उहाँले संसद्लाई महत्वहीन बनाउने प्रयास गर्नुभयो र दुई-दुई पटक संसद् विघटनको प्रयत्न गर्नुभयो । अहिले आफूले नरुचाएको त्यही संसद् अवरुद्ध गरेर संसदीय मान्यताबाट पर भाग्न खोजिरहनुभएको छ । भविष्यले निश्चय पनि उहाँसँग यसको जवाफ त माग्ने नै छ ।

विगतको आमनिर्वाचनमा जनताले अपार मत दिएको नेकपा आज विखण्डनको शृङ्खलामा अघि बढिरहेको छ । लोकतन्त्रको सु-सञ्चालनका दृष्टिले प्रश्न त उठछ नै, किन ? यसको कारक तत्व उक्त पार्टीको नेतृत्व तहमा मौलाएको अधिनायकवादी प्रवृत्ति हो भन्न सङ्कोच मानिरहनु आवश्यक छैन । यस सन्दर्भमा नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको भनाइ मननीय छ- ‘‘लोकतन्त्रका नाममा सत्तामा पुगेको नेपालको कम्युनिस्ट आन्दोलन अहिले उग्र विचार र असन्तुलित भूराजनीतिको कारण विघटन उन्मुख छ ।’’ व्यक्ति नै सर्वेसर्वा र व्यक्तिमा देखिने चरम महत्त्वकाङ्क्षाको मानसिकताले गाँजेको नेपालको कम्युनिस्ट आन्दोलनको सक्कली अनुहार यतिबेला विगतका मतदाताले हेरिरहेका छन् । यस अवस्थालाई निश्चय पनि हन्टिङ्टनको भनाइका आधारमा मूल्याङ्कन गर्न सकिन्छ । अर्कोतर्फ, नेपाली काँग्रेसले आफूलाई लोकतन्त्रको हिमायती मान्ने गरेको छ । तर यसका नेताहरू पनि पुस्तान्तरणमा विश्वास गर्नुहुन्न । विगत बत्तीस वर्षदेखि नेपाली जनता लोकतन्त्रवादी नेताका एकैथरि अनुहार हेर्न बाध्य छन् । नेपाली काँग्रेसभित्र पनि आन्तरिक लोकतन्त्रका सम्बन्धमा बेलाबखतमा अनेक प्रश्न उठ्ने गरेका छन् । सत्तामा पुग्न जे पनि गर्ने र सत्तामा पुगिसकेपछि सत्ता छोड्न नचाहने प्रवृत्तिबाट काँग्रेस नेताहरू पनि अछूतो हुनुहुन्न । यस सन्दर्भमा विगतमा काँग्रेसका नेताबाट जायज-नाजायज कृत्य भएको कुरा इतिहासमा सुरक्षित छन् । यस्तोमा एउटा कुरा बडो स्पष्टका साथ भन्न सकिन्छ, वर्तमानमा मानिसले लोकतन्त्रको छहारी (अनुभूति) पाउन सकेका छैनन् । खास छहारी केही सर्वेसर्वा व्यक्तिको अपहरणमा परेको छभन्दा अतिशयोक्ति नहोला ।

माथि उल्लेख गरिएको अवस्था नेपालको मात्र होइन । विश्वका अनेकौं लोकतान्त्रिक देश यस समस्यासँग जुधिरहेका छन् । नेपाली काँग्रेसका संस्थापक लोकतान्त्रिक (प्रजातान्त्रिक) समाजवादका व्याख्याता बीपी कोइरालाले भविष्यमा यस्तो अवस्था आउन सक्ने कुराको अनुमान गर्नुभएको थियो । यस सन्दर्भमा उहाँको भनाइ महत्वपूर्ण छ । बीपीका अनुसार आज विश्वको एक मात्र राजनीतिक समस्या भनेको लोकतन्त्र र त्यसको निम्ति सङ्घर्ष हो । लोकतन्त्र अविभाज्य छ । यदि तपाईं आफ्नोनिम्ति लोकतन्त्र चाहनुहुन्छ भने विश्वभर त्यसको निम्ति चलिरहेको सङ्घर्षको अवहेलना गर्न पाउनुहुन्न । यस भनाइको अर्थ बुझ्न र अहिले नेपालसहित विश्वमा भइरहेका लोकतन्त्र प्राप्तिका अभ्यासहरूबारे गम्भीर हुनु अपरिहार्य छ । तर दुःखद कुरा त, नेपालकै लोकतन्त्रलाई ठिक तरिकाले सञ्चालन गर्न नसकेको आरोप खोपिरहेका नेपाली नेताले विश्वको लोकतन्त्रका सम्बन्धमा प्रश्न उठाउनु अप्रासङ्गिक हुन्छ । ....(गोपबाट)


## जगदुल्ला गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुंदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कने परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाईं बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाईं हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

जगदुल्ला गाउँपालिकाको कार्यालय

माझगाउँ रिमी, डोल्पा

# विज्ञान प्रविधि राज्यको मेरुदण्ड

- हरिसिंह केसी

विश्वमा वैज्ञानिक खोज तथा अनुसन्धानबाट नयाँ-नयाँ प्रविधिका आविष्कार भइरहेका छन् । कुनै पनि राष्ट्र विकसित वा अविकसित हुनुमा त्यस देशको विज्ञान तथा प्रविधिका क्षेत्रमा भइरहेका गतिविधिले पनि प्रभाव पार्दछ । विज्ञान तथा प्रविधिको अभूतपूर्व विकासले संसार सानो एकाइमा रूपान्तरण भएको हामीले महसुस गरिरहेकै छौं । अहिले जति पनि विकसित मुलुक सफल भएका छन्, त्यो सफलताको मुख्य कारण भनेको विज्ञान तथा प्रविधिको विकास नै हो । जबसम्म देशभित्रै विज्ञान तथा प्रविधिको विकासका लागि बलियो आधार बन्दैन, तबसम्म सयौं वर्षसम्म पनि मुलुकमा विज्ञान तथा प्रविधिको विकास सम्भव हुँदैन ।

हाम्रो मुलुकमा स्रोत र साधन प्रशस्त मात्रामा छन् तर त्यसको प्रयोगमा ल्याउन सक्ने सीप, क्षमता र प्रविधि तथा त्यसलाई कसरी परिचालनमा ल्याउने भन्ने योजनाको कमी भएकाले न्यून योजना पनि घोषणामै सीमित रहेका छन् । समस्या र चुनौती प्रशस्त हुन सक्छन् तर त्यस अतिरिक्त पनि विज्ञान तथा प्रविधि क्षेत्रलाई कसरी अगाडि बढाउने भन्ने गुरुयोजना हुनु मुलुकका लागि अपरिहार्य छ । विज्ञान विकासको मूल हो, जो बग्न थाले पछि यसको प्रवाह र बहावलाई छेक्न सकिँदैन । हामीमा अहिले खोज तथा अध्ययन अनुसन्धानको क्षेत्रमा धेरै अभाव तथा समस्या छन् । ती समस्यालाई निराकरण गर्नेपर्दछ । यदि ती चुनौतीलाई समाधान गर्न सक्यौँ भने हामीले अपार अवसर प्राप्त गर्न सक्छौं ।

यस मामिलामा नेपालमा अध्ययन र अनुसन्धानको क्षेत्रलाई सीमित पारिएको छ । अनुसन्धानात्मक सोचका लागि बजेटको अत्यन्तै अभाव छ । शैक्षिक अनुसन्धानका लागि सरकारी बजेट शून्यप्रायः छ । जब अध्ययन अनुसन्धानका लागि आवश्यक बजेटकै अभाव छ भने हाम्रो देशमा अनुसन्धानलाई कसरी अगाडि बढाउन सकिएला ? वर्तमान परिस्थितिमा पेचिलो बनिरहेको प्रश्न यही हो । देश विकासको मूल आधार भनेको त्यस देशको विज्ञान तथा प्रविधिको समुन्नत विकास हो । हाम्रोजस्तो विकासोन्मुख देशको समृद्धिका लागि विज्ञान तथा प्रविधिलाई नयाँ उचाइमा नपु-याई सुखै छैन । जसका लागि विज्ञान तथा प्राविधिक शिक्षाको अध्ययन अनुसन्धानमा पर्याप्त राज्यको लगानी, राजनीतिक साझा सङ्कल्प र अन्तर्राष्ट्रिय सहयोग तथा सहकार्य तत्कालका लागि आवश्यक पक्ष हुन् ।

राज्यको सङ्घीय पुनर्संरचनामा सबै भूगोलमा समानुपातिक विस्तारमा पनि ध्यान हुनुपर्छ । विज्ञान तथा प्रविधि शिक्षालयहरू केवल काठमाडौँकाले मात्र होइन, दूरदराजको नागरिकले पनि महसुस गर्न सक्ने मापदण्ड तय हुनुपर्छ । यस क्षेत्रप्रति सबै भूगोल र नागरिकको अपनत्व बढाउन कम्तीमा हरेक जिल्लामा अत्याधुनिक शिक्षालयहरूको स्थापना हुनु जरुरी छ । अब ढिला नगरी विज्ञान तथा प्रविधि क्षेत्रको उन्नयनका लागि योजना बनाउँदा हामीले कसरी योजनालाई मूर्तरूप दिन सकिन्छ भन्नेबारे पहिले पर्याप्त खाका कोर्न आवश्यक छ ।

सर्वप्रथमतः योजना आयोगले विज्ञान तथा प्रविधि क्षेत्रको विकास गर्नका लागि प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसपश्चात् कति र कस्तो जनशक्ति उत्पादन गर्नुपर्ने हो ? सम्बन्धित क्षेत्रबाट उत्पादित जनशक्तिलाई कहाँ व्यवस्थापन गर्ने ? कस्तो काम दिने ? राज्यले त्यो जनशक्तिबाट कस्तो प्रकारको लाभ लिने भन्नेबारे पहिल्यै नै खाका बनाइसक्नुपर्ने हुन्छ तर विडम्बना, हाम्रोमा यस प्रकारको मार्गचित्र कोर्ने कसरत नै भएको छैन भन्दा दुःख लाग्छ । हालसम्म केही सुरुवात नै नभएको भन्दै आगामी दिनमा पनि विज्ञान तथा प्रविधिको क्षेत्रलाई सधैँ राज्यको हेराइबाट उपेक्षित राखिरहन स्वाभाविक हुँदैन । अल्पकालीन योजना बनाएर सोहीअनुरूपका विश्वविद्यालयसँग समन्वय गरी खोज तथा अनुसन्धानात्मक क्षेत्रमा आवश्यक जनशक्ति तयार पार्न प्रेरित गर्ने विकल्प पनि हाम्रासामु छ । विद्यार्थीको आकर्षण र जीविकोपार्जनका लागि न्यूनतम रूपमा १०/२० प्रतिशत विद्यार्थीलाई अनुसन्धानका लागि अनुदानको व्यवस्था गर्नुपर्दछ ।

विज्ञान तथा प्रविधि क्षेत्रको उन्नयनका लागि राज्यले वार्षिक बजेटमा उचित आकार दिन सकेको छैन । नेपालले एक प्रतिशतभन्दा कम बजेट मात्र यस क्षेत्रलाई छुट्याएको छ । हाम्रै छिमेकी मुलुक भारत, चीनले अब एकबाट दुई प्रतिशतमा बजेटको आकार पु-याउने लक्ष्य राखेको देखिन्छ । त्यस्तै दक्षिण कोरियामा तीन प्रतिशत, अमेरिकामा दुई प्रतिशत बजेट विनियोजन गरिएको छ । नेपालले पनि अब विज्ञान तथा प्रविधि क्षेत्रमा बजेट परिमार्जन गर्नुपर्छ । विकासमा राजनीतिक दल र तिनका नेताहरूले नै नेतृत्व लिइरहने अवस्थामा अब नेपालको विकासको आधार विज्ञान तथा प्रविधि क्षेत्रलाई बनाइनुपर्दछ । राजनीतिक दलले यसलाई आत्मसात् गर्न सके यो एउटा अभियानका रूपमा जागरण सिर्जना गरी सहज लक्ष्य प्राप्तिको मार्ग बन्न सक्दछ ।

विश्व डिजिटल दुनियाँमा पनि हेपिएको र पेलिएको यस क्षेत्रलाई उत्थान गर्न अब समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गरिनुपर्छ । विद्यावारिधि अनुसन्धानलाई प्रोत्साहन गरिनुपर्छ र हरेक जिल्लामा विज्ञान केन्द्र खोलिनुपर्छ । प्रविधि आयात, मानव संसाधनको विकास र पूर्वाधारको विकासमा जोड दिनुपर्छ । विज्ञान तथा प्राविधिक शिक्षालाई प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म विशेष प्राथमिकता दिनुपर्छ । हाम्रा विश्वविद्यालयबाट उत्पादन भएका वैज्ञानिक बाहिर गएर ठूलाठूला अनुसन्धान गरिरहेका छन् । आफ्नै मुलुकमा भने जति गर्नुपर्ने हो, त्यति गर्न सकेका छैनन् । त्यसको सबै कारण पर्याप्त स्रोत र साधनकै अभाव रहेको देखिन्छ । आधुनिक युगको विकासमा भइरहेको हाम्रो अलमल र अल्छीपनालाई दिगो रूपमै परास्त गर्न लाग्यौं भने हामीले केही समयमा नै नसोचेको सफलता प्राप्त गर्न सक्छौं । वैज्ञानिकलाई आफ्नै मुलुकभित्र काम दिएर कँजाउने नीति लिई उनीहरूलाई माटो सुहाउँदो खोज अनुसन्धानमा प्रेरित गर्ने अभ्यास थालौँ । कामको मूल्याङ्कन उसको नतिजाको आधारबाट तय गरी सेवासुविधाको बढोत्तरीलाई अङ्गीकार गरौँ, न कि उसले हाजिर गरेको वर्ष गनेर मात्र होइन । यस क्षेत्र सम्बन्धित राज्यका निकायमा दलीय भागबण्डाबाट होइन, योग्यता र दक्षताअनुसार नियुक्ति गर्ने परिपाटीको विकास गरौँ । अबका दिनमा विज्ञान तथा प्रविधिको विकास गर्नका लागि आ-आफ्नो ठाउँबाट आफ्नो भूमिकाबारे समीक्षा गर्नुपर्छ । विशेषतः राजनीतिज्ञ, योजनाकार, नीति निर्माता, शिक्षाविद्, प्रशासकहरू मुलुकको विज्ञान तथा प्रविधि क्षेत्रबारे गम्भीर बन्नैपर्छ । यदि हामीले प्रविधि अनुसन्धानबाट विकास गर्न सकेनौँ भने पनि प्रविधिलाई कसरी आयात गर्ने भन्ने योजना वा कार्यक्रम राज्यसँग हुनुपर्छ ।

हामी विज्ञान तथा प्रविधिका जनशक्ति तयार गर्छौं । उनीहरू विदेश गएर काम गर्छन् । हाम्रो देशमा अहिलेसम्म कतै पनि ठूला प्रयोगशाला निर्माण भएका छैनन् र तत्कालै बन्ने अवस्था पनि देखिँदैन । देशभित्र तथा बाहिरबाट अध्ययन गरेका यति धेरै वैज्ञानिकको जमात छ, त्यसलाई उपयुक्त क्षेत्रमा लगाएर देशले विभिन्न लाभ उठाउने तिर कुनै ध्यान दिएको देखिँदैन । विदेशमा पलायन भएका प्रतिभालाई स्वदेशमा ल्याउने र जिम्मेवारी दिने कामको थालनी गर्नु आवश्यक छ । देशभित्र उत्पादित वैज्ञानिक न्यूनतम जीविकोपार्जन र अपर्याप्त अवसरका कारण नियमित शिक्षण सेवामा मात्र आबद्ध हुँदा त्यसले विज्ञान तथा प्रविधिमाथि सुखद सङ्केत देखाउँछ । यसबीचमा पनि विभिन्न विश्वविद्यालय र उच्च शैक्षिक संस्थाबाट विज्ञान तथा प्रविधिका क्षेत्रमा विभिन्न खालका प्रयास भएका छन् । ...

## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिइरहेको कोरोना भाइरस कोभिड १९ हाल डोल्पामा पनि दिन २ गुणा रात चौगुणाको रफ्तारमा फैलिइ रहेको हुँदा कोरोना भाइरस कोभिड १९ बाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा